नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## लमजुङ

(नागरिकता शाखा)

फोन नं ०६६-५२०१३३,५२०२५५
फ्याक्स नं ०६६-५२०१३४
इमेल daolamjung@moha.gov.n
वेबसाइट www.daolamjung.gov.

बेसीशहर नगरकार्यपालिका
दर्ता नं.- ४३६
मिति:- २०८०।६।२२

पत्र संख्याः २०८०/८१ (नागरिकता)

च.नं.: १००६

मितिः २०८०/०६/१०

विषयः गैर-आवासीय नेपाली नागरिकताको सिफारिस सम्बन्धमा।

श्री स्थानीय तह सबै,

लमजुङ।

प्रस्तुत विषयमा नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता (तेस्रो संशोधन ) नियमावली, २०८० (संशोधन सहित) ले सार्क सदस्य राष्ट्र (भारत, पाकिस्तान, अफगानस्थान, भूटान, बंगलादेश, माल्दिभ्स र श्रीलङ्का) बाहेकका देशमा बसोबास गरेको र साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्ति लाई गैर आवासीय नेपाली नागरिकता प्रदान गर्ने ब्यवस्था गरेको छ । सोहि व्यवस्था बमोजिम गैरआवासीय नेपाली नागरिकताको लागि निम्न अनुसारको कागजात/प्रमाणपत्रहरु संलग्न राखी अनुसूची फारम सहित सिफारिश गरी पठाउने व्यवस्था मिलाउन सबै वडाहरुलाई तुरुन्त परिपत्र गरिदिनुहुन अनुरोध छ।

१, गैर-आवासीय नेपाली नागरिकता प्राप्त गर्न आवश्यक पर्ने कागजातहरुः-

- नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० को अनुसुची ८(ग) बमोजिम सम्बन्धित वडा कार्यालयको सिफारिस सहितको निवेदन वा निवेदक विदेशी मुलुकमा बसोबास गरेको अवस्थामा सम्बन्धित मुलुकमा हेर्न तोकिएको राजदूतावास वा महावाणिज्य दूतावासको सिफारिस,
- रु १०/-को हुलाक टिकट,
- निवेदकको बाबु आमा, बाजे वा बज्यै नेपालको नागरिक रहेको प्रमाण,
- सम्बन्धित व्यक्तिले साविकमा नेपालको नागरिकता लिएको भए सो नागरिकता त्याग गरेको प्रमाण,
- साविकमा नेपाली नागरिकता लिएको तर त्याग नगरेको भए गैर आवासिय नागरिकता प्राप्त गर्नु पहिले लिएको नेपाली नागरिकताको प्रमाणपत्र,
- दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनका सदस्य राष्ट्रबाहेकको देशको नागरिकता/नागरिक भएको प्रमाण,
- नेपालको संविधान र कानूनको परिपालना गर्ने प्रतिबद्धतापत्र, (अनुसूचि ८(घ)
- हाल नागरिक रहेको मुलुकबाट लिएको राहदानीको सक्कल वा सोको प्रमाणित प्रतिलिपी,

नोटः गैर आवासीय नेपाली नागरिकको प्रमाण पत्र जारी गर्ने सन्दर्भमा गृह मन्त्रालयबाट SYSTEM UPDATE गर्ने कार्य भइरहेकोले उक्त कार्य सम्पन्न गरी निर्देशन प्राप्त भएपछि नागरिकताको प्रमाण पत्र जारी गर्ने कार्य प्रारम्भ हुनेछ ।

०६।१०

संगीता के.सी.

प्रशासकीय अधिकृत

(प्रशासकीय अधिकृत)

# बेसीशहर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ

गण्डकी प्रदेश, नेपाल

प.नं. : २०८०/०८१

च.नं. ३८०

मिति:२०८०/०७/०१

**विषयः जानकारी सम्वन्धमा ।**

श्री वडा कार्यालय (सवै),

बेसीशहर नगरपालिका, लमजुङ ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालयको मिति २०८०/०६/१०, चं.नं. १००७ को गैर–आवासीय नेपाली नागरिकताको सिफारिस सम्वन्धिको पत्र यसै पत्र साथ संलग्न राखि पठाईएको छ सोही अनुसार गर्नु हुन अनुरोध छ ।

(किसानराज चिलुवाल)

निमित्त प्रमुख प्रशासकिय अधिकृत

किसान राज चिलुवाल

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री सुचना प्रविधि शाखा, लमजुङः- Website मा अपलोड गर्नहुन अनुरोध छ ।